अर्जुनचौपारी गाउँपालिका अध्यक्ष श्री प्रकाश तिवारीज्यूबाट

गाउँसभामा

पेश गर्नु भएको

# आ.व.२०८१/०८२ को नीति तथा कार्यक्रम

## अर्जुनचौपारी गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

### अर्जुनचौपारी, स्याङजा

**गाउँसभाका सदस्यहरु एवं उपस्थित महानुभावहरु,**

१. राष्ट्र, राष्ट्रियता, लोकतन्त्र र स्वतन्त्रताका लागि बलिदान दिने ज्ञात अज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै ऐतिहासिक जनआन्दोलन, जनयुद्ध र मधेस आन्दोलनका घाइते, अपाङ्ग, दिवंगत योद्धाका टुहुरा बालबालिका, बेपत्ता एवं तिनका परिवारजनको स्मरण गर्दै यहाँ उपस्थित सम्पूर्ण महानुभावहरुलाई अर्जुनचौपारी गाउँपालिकाको गाउँसभाको १५औं अधिवेशनमा हार्दिक स्वागत गर्न चाहन्छु।

२. अर्जुनचौपारी गाउँपालिका बासीहरूबाट अनुमोदित भएको दोस्रो बर्ष  पूरा भई तेस्रो वर्षमा प्रवेश गर्दा पालिकावासीहरूको मुहारमा सकारात्मकता छाएको महसुस गरेका छौं । हाम्रो ध्यान क्षणिक लोकप्रियताको लागि नभई अर्जुनचौपारी गाउँपालिकाको सुरक्षित र गर्विलो भविष्य निर्माणका लागि बलियो आधार तय गर्न तर्फ थियो र छ ।

३. बलियो जगले नै बलियो घर बनाउने हो। जनतासँग मुख्य प्रतिबद्धता व्यक्त गरे अनुसार सुशासित, समुन्नत र सुसंस्कृत गाउँपालिका बनाउन आजसम्म हामीले गरेका बहुपक्षीय प्रयासहरू नै अर्जुनचौपारी गाउँपालिकाको समग्र विकासको मजबुत आधार बन्ने छन् र हाम्रा प्रयासहरूका प्रतिफलहरू बिस्तारै हाम्रै आँखासामु उजागर भइरहेका छन्।

४. गत दुई वर्षमा हामीले वितरणमुखी कार्यक्रमहरू,  अनावश्यक संरचना निर्माण र फजुल खर्चमा गरेको कटौतीलाई शिक्षा, स्वास्थ्य र पूर्वाधार जस्ता दुर्गामी महत्वका क्षेत्रहरूमा थप लगानी गर्दा देखिएको परिणाम हामी सबै सामु छर्लङ्ग छ।

५. हामीले कार्यकाल सुरु गर्दै गर्दा पालिका स्तरिय स्तरीकृत परीक्षामा १७ प्रतिशत मात्रै विद्यार्थीहरु उत्तीर्ण भएकोमा गत वर्ष ५८.५८ प्रतिशत विद्यार्थीहरु उत्तीर्ण हुन सफल भएका छन् ।

**गाउँसभा सदस्यहरू,**

६. बदलिदो समयमा विद्यार्थीहरूमा नैतिक शिक्षा र संस्कार सम्बन्धी चेतनामा कमी भएकाले यस शैक्षिक शत्र देखि पालिका भित्र कक्षा ६,७ र ८ मा संस्कार शिक्षा लागू गरिएको छ।

७. **"नागरिकलाई टेवा - टोलटोलमा स्वास्थ्य सेवा"** कार्यक्रमले पालिकाभित्रका सम्पूर्ण नागरिकहरूको आधारभूत स्वास्थ्य सेवामा पहुँच बढेको छ। बालबालिकाहरूको मानसिक र शारीरिक विकासलाई ध्यानमा राख्दै मातृ शिशु पोषण कार्यक्रम सफलताका साथ सम्पन्न गरिएको छ।

८. पालिका भित्र रहेका सबै स्वास्थ्य संस्था, विद्यालय र वडा कार्यालयहरूमा सुरक्षित पूर्वाधार निर्माण तथा स्वस्थ खानेपानीको को व्यवस्थापन गरिएको छ। पालिकावासीको आँखा उपचारमा पहुँच पुऱ्याउन हिमालय आँखा अस्पतालको सहकार्यमा पालिका प्रशासकीय भवनमा आँखाउपचार केन्द्र पनि सफलता पूर्वक सञ्चालनमा आएको छ।

९. हाम्रो कार्यकालभित्र हरेक वडा कार्यालयसम्म पक्की सडक पुर्याउने नीति अनुरुप हामी ३ नम्बर वडासम्म कालो पत्रे गर्न सफल भएका छौं। त्यस्तै २ नम्बर वडा सम्मको पहुँचमार्गको कामले पनि गति लिएको छ। पालिकावासीको सुविधा र वर्षायाममा सुरक्षित यात्राको लागि घट्टेमा पक्की पुल को निर्माण सम्पन्न भएको छ।

१०. जनताका ईच्छा आकांक्षाहरु भौतिक पूर्वाधार निर्माणमा बढी केन्द्रित भए पनि हामिले समाजिक र मानविय विकासलाई उत्तिकै महत्त्व का साथ अगाडी बढाएका छौं।

**गाउँसभा सदस्यहरू,**

११. महिलाहरु लाई राज्यको मूल प्रवाहमा समावेस गर्न र उनी हरुको नेतृत्व विकास तथा सशक्तिकरण गर्न सुरु गरिएको आमा समूह मोडलले सार्थकता पाएको छ। सरसफाई, क्षमता अभिवृद्धि, जनचेतना, कृषि उत्पादन र विकास निर्माण कार्यमा आमा समूहको माध्यमबाट उल्लेखनीय सहभागिता रहेको छ आमा समूहहरूद्वारा सञ्चालित आलु उत्पादन कार्यक्रमबाट पालिका आलुमा आत्मनिर्भर बन्न सफल भएको छ।

१२. अर्जुनचौपारी गाउँपालिका भित्र सार्वजनिक सेवा प्रवाहमा भएको सुधार प्रत्यक्ष रुपमा जनताले अनुभूति गरेका छन्। बढ्दो वित्तीय अनुशासन एवं सुशासनका कारण आन्तरिक राजस्व गत वर्ष १७ प्रतिशतले बढेको छ।

१३. गतवर्ष महालेखा परीक्षकको प्रतिवेदन अनुसार पालिकाको विगतका आर्थिक वर्ष भन्दा धेरै कम बेरुजु आउनुका साथै ३ करोडभन्दा बढी बेरुजु फर्सयोट भएको छ।

१४. विगतको २ वर्षमा हामिले सुशासन को क्षेत्रमा उल्लेख्य उपलब्धी हासिल गरेका छौं। स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) मा जिल्लामा सर्वोत्कृष्ट भई एउटा उदाहरणीय पालिकाको रूपमा स्थापित भएका छौ ।

१५. संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ ले स्थानीय सरकारलाई प्रत्याभूत गरेका जिम्मेवारी, दिगो विकास लक्ष्य अनुसार स्थानीय सरकारले हासिल गर्न सक्ने स्थानीय लक्ष्य, संघ र प्रदेशका नीति तथा कार्यक्रम समेतलाई मध्यनजर गर्दा आगामी वर्षको नीति तथा कार्यक्रम तयार गरिएको छ।

**गाउँसभा सदस्यहरू,**

१६. २ वर्षको अवधिमा नीति तथा कार्यक्रम कार्यान्वयनबाट प्राप्त उपलब्धी उत्साहजनक रहेको छ। दुर्गामी महत्वका विषयहरू जस्तै विपन्नलाई स्वास्थ्य बीमा कार्यान्वयन प्रभावकारी हुन सकेको छैन।

१७. नरभन्ज्याङ हुँदै जिल्ला सदरमुकाम जोड्ने बाटोमा संघीय सरकारबाट बजेट विनियोजन भएपनि सम्पन्न गर्न सकिने अवस्था छैन भने शिक्षा क्षेत्रमा उल्लेखनीय सुधार भएतापनि यसलाई पूर्णता दिन अझै केही निर्मम कदमहरु उठाउन आवश्यक रहेको छ ।

१८. देशको विद्यमान आर्थिक अवस्था र परिस्थितिले गर्दा आगामी आर्थिक वर्ष हाम्रो लागि चुनौतीपूर्ण रहने हुनाले हामी जनप्रतिनिधिहरू र कर्मचारीहरू संवेदनशील भई कम स्रोत र साधनबाट जनताका अधिकतम इच्छा आकांक्षा पूरा गर्नुपर्नेछ। जनअपेक्षा अनुसार भौतिक पूर्वाधारको क्षेत्रमा काम गर्न असम्भव प्राय नै छ, यद्यपी स्रोतको उच्चतम उपयोग गरी दुर्गामी महत्वका आधारहरू तयार गर्नुपर्ने छ।

**गाउँसभा सदस्यहरू,**

१९. 'साझा प्रतिबद्धता, साझा जिम्मेवारी - हामी सबैको सपना समुन्नत अर्जुनचौपारी' यही मन्त्रलाई आत्मसाथ गर्दै अर्जुनचौपारी गाउँपालिकाको गर्विलो र सुरक्षित भविष्यको लागि तयार गरेको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

## शिक्षा, युवा तथा खेलकुद सम्बन्धी नीति

**गाउँसभा सदस्यहरू,**

२०. हाम्रो प्राथमिकता शिक्षाको गुणस्तर वृद्धि एवं विद्यार्थीको सर्वाङ्गीण विकास नै हो। आगामी वर्ष शिक्षा सुधारको स्वर्ण बर्ष को रुप मा आगाडी बढाइने छ।शैक्षिक सुधार बिरोधि गतिविधिमा शुन्य सहनशिलताको निति अवलम्वन गरिनेछ । पालिका भित्र शैक्षिक पूर्वाधारहरूमा लगानी बढाउँदै सम्पूर्ण विद्यार्थीलाई सुदृढ वातावरणमा पठनपाठन गर्ने व्यवस्था गरिनेछ।

२१. पालिकाका सबै विद्यालयहरूको अध्ययन र अध्यापनको सिकाइको केन्द्र बनाउन पालिकाको एक विद्यालयलाई नमुना विद्यालयको रूपमा अगाडि बढाइनेछ।

२२. **"म जिम्मेवार शिक्षक"** को नारा सहित विभिन्न तहमा शिक्षण सिप र क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ। साथै गाउँपालिकाका सबै माध्यमिक विद्यालयहरूमा विद्युतीय हाजिरीको व्यवस्था गरिनेछ।

२३. किताबी ज्ञान मात्रै नभएर विद्यार्थीको सर्वाङ्गीण विकासको लागि (जीवन कौशल शिक्षा) **"Basic Life Skills"** सिकाईको अवधारणा प्रयोगमा ल्याइनेछ।

२४. विद्यार्थीहरूलाई बदलिदो समयका नयाँ चुनौतीहरू जस्तै Cyber Crime, लागूऔषध, सडक सुरक्षा, लैङ्गिक हिंसा आदिबारे जानकारी गराउन **"आधारभूत सचेतना कार्यक्रम"** सञ्चालन गरिनेछ। हरेक विद्यालयमा विद्यार्थी एवं शिक्षकहरूको मानसिक स्वास्थ्य स्वस्थ बनाउन **"बिद्यालय मनोपरामर्श सेवा"** सुरुवात गरिनेछ।

## स्वास्थ्य सम्बन्धी नीति

**गाउँसभा सदस्यहरू,**

२५. **"नागरिकलाई टेवा, टोलटोलमा स्वास्थ्य सेवा"** भन्ने कार्यक्रमको पहुँच, गुणस्तर र दायरा फराकिलो बनाइनेछ। स्वास्थ्य संस्थाहरूको पूर्वाधारहरू व्यवस्थित एवं थप गरिनेछ।

२६. विद्यार्थीहरूको स्वास्थ्य र सरसफाईको नियमित जाँच गर्न **"विद्यालय स्वास्थ्य कार्यक्रम"** सञ्चालनमा ल्याइनेछ।बालबालिकाको हुर्किने बेलामा आवश्यक पोषणको उपलब्धताको सुनिश्चितता गर्न पोषण तथा खाद्य सुरक्षा कार्यक्रम पालिकाले आफ्नै स्रोतले निरन्तरता दिनेछ। पोषण सम्बन्धी जनचेतनाका कार्यक्रमहरूलाई अभियानका रूपमा अगाडि बढाइनेछ।

२७. दैनिक उपभोग्य वस्तुमा सम्भव भएसम्म स्थानीय उत्पादनलाई प्राथमिकता दिइने नीति लिइने छ। पालिका र मातहतका सम्पूर्ण कार्यालय र शिक्षण संस्थाको दिवा खाजामा स्थानीय उत्पादन लाई प्राथमिकता दिईनेछ।

२८. गाउँपालिकाको सबै स्वास्थ्य संस्थाले उपचार गर्न रिफर गरेका बिरामीहरुलाई पालिकाले उपचारपछि सोधपुछ एवं स्याङजा, पोखरा, काठमाडौं लगायतका विभिन्न हस्पिटलहरुमा उपचार सहजीकरण गर्न र निरन्तर सम्पर्क स्थापना गर्न स्वास्थ्य सहायता व्यक्ति नियुक्ति गरी **"स्वास्थ्य सेवा सहजीकरण कार्यक्रम"** अगाडि बढाइनेछ।

२९. स्वास्थ्य क्षेत्रमा उपचारात्मक पक्षको पूर्वाधार बढाउँदै, निवारक पक्षलाई उल्लेखनीय महत्व दिँदै प्रोत्साहन एवं कार्यक्रम सञ्चालन गरिनेछ। गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्न आधारभूत स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, स्वास्थ्यकर्मी, स्वयंसेविकाहरूलाई सेवा प्रवाह र कार्यक्षमताको आधारमा मूल्याङ्कन गरी प्रोत्साहन गर्दै लागिने नीति अवलम्बन गरिनेछ। योग र ध्यानका बारे जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

## कृषि सम्बन्धी नीति

**गाउँसभा सदस्यहरू,**

३०. पछिल्लो वर्षहरूमा हाम्रो पालिकाबाट बसाईसराई जाने क्रम तीव्ररुपमा बढेको परिपेक्षमा यसले कृषि तथा पशुपालनमा समेत प्रत्यक्ष असर गरेको छ। कृषि तथा पशुपालनलाई थप व्यावसायिक रुपमा अगाडि बढाउन कृषि श्रमिक पलायनले परेको प्रभावलाई न्यूनीकरण गर्न आमा समूह तथा कृषि समूह मार्फत सामूहिक खेती गर्ने नीति लिइनेछ। रासायनिक विषादीको उपयोगलाई निरुत्साहित गरी जैविक विषादीको प्रवर्द्धन गरिनेछ

३१. वडा नम्बर १, २ र ३ नम्बर वडामा सुन्तला खेतीको प्रचुर सम्भावनालाई मध्यनजर गर्दै गाउँपालिका सँगको साझेदारीमा सुन्तला खेती विस्तार गरिनेछ। कृषकको क्षमता विकासका लागि आवश्यक तालिम सञ्चालन गरिनेछ।

## कला, संस्कृति, परम्परा र पर्यटन प्रवर्धन सम्बन्धी नीति

**गाउँसभा सदस्यहरू,**

३२. पर्यटन गन्तव्यहरूको विकास र विस्तार गरी आधारभूत सेवा र पूर्वाधारको सुनिश्चितता गरिनेछ। ऐतिहासिक, धार्मिक र सांस्कृतिक ठाउँ तथा कला र सम्पदाको पहिचान एवं खोज गरि संरक्षण गरिनेछ।

३३. अर्जुनचौपारी गाउँपालिकालाई विद्यार्थीहरूको शैक्षिक गन्तव्यको रुपमा विकास **गर्न "म्याथमेटिकल पार्क र वोटानिकल पार्क"** को लागि आवश्यक स्रोत सुनिश्चित गरी मूर्तरुप दिइनेछ।

३४. पशुपालनलाई धर्म संस्कृतिसँग जोड्नका लागि काठे गाईपालन **"एकटोल एक काठे गाई"** कार्यक्रम अगाडि बढाइनेछ।

## श्रम, रोजगार, उद्योग तथा वाणिज्य, सहकारी र वित्तिय क्षेत्र सम्बन्धी नीति

**गाउँसभा सदस्यहरू,**

३५. गाउँपालिका भित्र थप रोजगारको सम्भावना बढाउन औद्योगिक ग्राम सञ्चालनमा ल्याइनेछ। औद्योगिक ग्राममा न्यूनतम १० जनालाई रोजगारी दिने उद्योग संघ संस्थालाई भाडा छुटको व्यवस्था पनि गरिनेछ। उद्योग सञ्चालनको नेतृत्व अर्जुनचौपारी गाउँपालिकाले लिएर सञ्चालनको संघारमा रहेको ढुङ्गा कटिङ उद्योग पूर्ण रुपमा सञ्चालन गरिनेछ।

३६. युवा, दलित, महिला, श्रमिक, साना किसान, असाहाय तथा अपाङ्ग भएका व्यक्ति, गरिब तथा विपन्न, सीमान्तकृत अल्पसंख्यक र पिछडिएको वर्गहरूको सबलीकरण र सशक्तिकरणका लागि सीपमूलक र रोजगारमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

३७. सीपमूलक रोजगार प्रवर्द्धनको लागि रोजगार सेवा केन्द्र, गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम, गरिब संग बिशेश्वोर कार्यक्रम, स्थानीय रोजगार कार्यक्रम र दलित उत्थान केन्द्रका कार्यक्रमहरू प्राथमिकताका साथ अगाडि बढाइनेछ।

## पूर्वाधर विकास सम्बन्धी नीति

**गाउँसभा सदस्यहरू,**

३८. पालिका केन्द्र देखि सबै वडा कार्यालयलाई पुग्ने मोटर बाटो हाम्रै कार्यकाल भित्र कालोपत्र गर्ने नीति अनुरुप आगामी आर्थिक वर्षमा वडा नम्बर २ र वडा नम्बर ४ लाई कालोपत्रे सडकले जोडिनेछ।

३९. मुख्य सडकदेखि वडा कार्यालय, स्वास्थ्य संस्था र बिद्यालयहरूको पहुँच मार्ग सहज बनाउन सहायक सडकहरूको स्तरोन्नति गरिनेछ। प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत  गोरेटो बाटो निर्माणलाइ निरन्तरता दिइने छ।

४०. कार्यक्रम र योजनाहरु को सामाजिक, लेखापरीक्षण गरिनेछ। घर नक्सा पासलाई अनिवार्य गरि अभिलेखका लागि निश्चित समय सीमा दिई समयमै अभिलेखिकरण गर्नेलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

## महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति

**गाउँसभा सदस्यहरू,**

४१. महिलाहरुको नेतृत्व र निर्णायक भूमिका स्थापित गर्न र समुदायिक विकासका कार्यहरूमा समान सहभागिताका लागि उपयुक्त वातावरण प्रदान गरिनेछ। यसको लागि सबै जातजातिको प्रतिनिधित्व हुने गरी सबै टोलमा आमा समुह गठन र परिचालन लाई अझै सुदृढ र सशक्त बनाइने छ ।

४२. लैङ्गिक हिंसा, घरेलु हिंसा, जातीय छुवाछुत, भेदभाव र बोक्सीका आरोप जस्ता कुरिती, कुप्रथा अन्त्य गर्न निरोधात्मक, संरचनात्मक र सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

४३. सडक बालबालिका, अनाथ, असहाय, टुहरा, अपाङ्गता भएका बेवारिसे तथा हिंसा पीडितको उद्धार, संरक्षण, न्यायमा पहुँच र पुनर्स्थापना कार्यलाई प्रभावकारी बनाइनेछ। बालमैत्री, अपाङ्गमैत्री पूर्वाधार निर्माण गर्दै लगिनेछ, साथै सबै खाले बालश्रम शोषणको अन्त्य गरिनेछ।

## वन, वातावरण, विपद् व्यवस्थापन र हरियाली प्रवर्धन सम्बन्धी नीति

**गाउँसभा सदस्यहरू,**

४४. दिगो विकासका लक्ष्य हाशिल गर्न वातावरणको संरक्षण अपरिहार्य छ। जलवायु परिवर्तन, विश्वव्यापी उष्णता र सम्भाव्यता अध्ययन तथा वातावरणीय प्रभाव मूल्याङ्कन बिना अव्यवस्थित रुपमा खनिएका ट्र्याकहरुले गर्दा खानेपानीका मूलहरु सुक्दै गएका छन्। मूलहरूको संरक्षण गर्ने र खानेपानी समस्या हुन नदिन भरणपोखरी निर्माण र वृक्षारोपण कार्यलाई अभियानको रुपमा अगाडि बढाइनेछ। वातावरणमैत्री स्थानिय शासन प्रणाली सम्बन्धी नीति अबलम्बन गरिनेछ। साथै नयाँ ट्र्याक खोल्न दुरुत्साहान गरिने नीति लिइनेछ।

४५. अर्जुनचौपारी गाउँपालिका भित्र रहेको विद्युतको समस्या समाधानको लागि फ्युज सेवा विस्तार भैसकेको छ। खाना पकाउँदा निस् धुवाँको न्युनिकरणको लागि वैकल्पिक उर्जा, सुधारिएको चुलो लगायत जडान गरिनेछ।

४६. पालिका भित्र ब्याज, ब्यानर मुक्त गराउनुका साथै ४० माइक्रोन भन्दा कम मोटाई भएका प्लाष्टिकका झोलाहरको प्रयोग लाई निरुसाहित गरिनेछ।

४७. स्थानीय स्तरमा विपद पूर्व तयारी तथा प्रतिकार्य योजना, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण,स्थानीय तटबन्द, नदी र पहिरोको नियन्त्रण, विपद जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थान्तरण गर्ने एवं विपद व्यवस्थापनका लागि वडा वडामा विपद व्यवस्थापन समितिलाई परिचालन गर्ने नीति लिइनेछ।

## न्यायिक समिति सञ्चालन सम्बन्धी नीति

**गाउँसभा सदस्यहरू,**

४८. न्यायिक समिति मार्फत छिटो छरितो र प्रभावकारी मेलमिलाप तथा विवाद निरुपण प्रक्रिया अपनाई मेलमिलापकर्तालाई आवश्यक तालिम प्रदान गरिनेछ।

## सामाजिक सुरक्षा तथा पञ्जीकरण सम्बन्धी नीति

**गाउँसभा सदस्यहरू,**

४९. व्यक्तिगत घटना दर्ता अभिलेखमा बायोमेट्रिक प्रणाली लागु गरिनेछ र सामाजिक सुरक्षा भत्ता EFT मार्फत भुक्तानी गरिनेछ । ३५ दिन भित्र घटना दर्ता गराउन सहयोग गर्ने महिला स्वयंसेविका, वडा सचिव वडा,वडा सदस्य र अध्यक्षलाई सम्मान गरिनेछ।

## सुशासन, संस्थागत व्यवस्थापन, सूचना प्रविधि तथा वित्तिय क्षेत्र सम्बन्धी नीति

**गाउँसभा सदस्यहरू,**

५०. सार्वजनिक जग्गा एवं सम्पत्ति संरक्षणको लागि आवश्यक कानुनको निर्माण गरिनेछ।पालिकामा विद्युतीय प्रणाली QR कोड मार्फत राजस्व भुक्तानीको व्यवस्था गरिनेछ।

५१. अनावश्यक निर्माण, अनावश्यक अनुदान र फजुल खर्चलाई कटौती गरिनेछ । क्षतिपूर्ति, आर्थिक सहायता वितरण र पालिकाबाट उपलब्ध सेवा सुविधालाई पारदर्शी र वैज्ञानिक बनाउँदै लगिनेछ।

५२. सेवा प्रवाहको लागि आवश्यक पर्ने न्यूनतम प्रशासनिक खर्चका लागि बजेट विनियोजन गरी प्रशासनिक संरचना र कार्यहरूलाई मितव्ययी बनाउन अनुत्पादक खर्चहरू कटौती गर्ने नीति अवलम्बन गरिनेछ।

५३. जनप्रतिनिधि र कर्मचारीहरूको अन्तरसम्बन्ध सुदृढ गर्न, कार्यक्षमता अभिवृद्धि गर्न तथा जवाफदेही बनाउने कार्य प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

५४. बेरुजु न्यूनीकरणका लागि सार्वजानिक लेखा समिति आन्तरिक नियन्त्रण प्रणाली जस्ता संयन्त्रहरुको क्रियाशिलता बढाईनेछ। भ्रष्टाचारजन्य क्रियाकलापमा शून्य सहनशीलता नीति अवलम्बन गरिनेछ।

**गाउँसभा सदस्यहरू,.**

५५. माथि उल्लेखित नीतिहरूको कार्यान्वयनका लागि रु ५६करोड ६० लाख ७५ हजार श्रोत व्यवस्थापन भएको छ ।आर्थिक वर्ष २०८१।०८२ का लागि प्रस्तावित नीति तथा कार्यक्रम को केन्द्रबिन्दुमा आम नागरिक हुनेछन्। यस सङ्कल्पलाई साकार तुल्याउन सम्पूर्ण सरकारवालाहरूले महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिएको छु।

**गाउँसभा सदस्यहरू,**

५६. सबैलाई समान अवसर, अधिकार, सुरक्षा र  सम्मानको प्रत्याभूति गर्ने गरी उपयुक्त नीति, सक्षम नेतृत्व, दृढ आत्मविश्वास र समर्पणका साथ अगाडि बढ्दा विकासको अभियानलाई तीव्रता दिन सकिनेछ भन्ने सकारात्मक सन्देश सम्प्रेषण गर्न चाहन्छु।

५७. अर्जुनचौपारी गाउँपालिकाका धबहरेक निर्णय पालिकाको समुन्नत भविष्य हेरेर गरिने नीति लिएका छौं। क्षणिक लोकप्रियता र लाभको पछि नलागी अर्जुनचौपारी गाउँपालिका बासीहरूको सुरक्षित तथा गर्बिलो भविष्य निर्माण गर्न, वर्तमानमा सुधार गर्दै, भविष्यलाई दिशा निर्देश गरिनेछ।

५८. प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जनप्रतिनिधि, कर्मचारी र नागरिक सबैको सहकार्य र स्वामित्व अपरिहार्य छ। अन्तमा: उपस्थित सबैमा धन्यवाद दिँदै प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा  आम स्थानीयबासी र सरोकारवाला सम्पूर्णको रचनात्मक सहयोगको अपेक्षा सहित बिदा हुन्छु।

"**अनुगृहीतोऽस्मि**"।।